नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
गोश्वारा हुलाक कार्यालय

फोन नं.: ०१०-५४०१४५

पत्र संख्या: २०८३/०८४
च.नं.: ८३

जिल्ला हुलाक कार्यालय

धुन्चे, रसुवा

मिति: २०८३/०५/३१

श्री जिल्ला प्रशासन कार्यालय,
श्री जिल्ला समन्वय समितिको कार्यालय,
श्री उत्तरगया गाउँ कार्यपालिको कार्यालय,
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
रसुवा ।

विषयः सूचना टाँस सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयले उत्तरगया गाउँपालिका हुलाक कार्यालय संचालनका गर्न आवश्यक पर्ने कोठा भाडा लिनका लागि प्रकाशित सुचनाको एक प्रति यसै पत्रसाथ् संग्लन राखी पठाईएको छ । उक्त सूचना सार्वजनिक जानकारीको लागि तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरिदिनहुन अनुरोध छ ।

२०८३/०५/३१

मिनराज रिमाल
हुलाक अधिकृत

Website: www.nepalpost.gov.np, Email ID: rasuwa@nepalpost.gov.np, postoffice45000@gmail.com

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
गोश्वारा हुलाक कार्यालय

जिल्ला हुलाक कार्यालय

प. स. : २०८३/०८४
च.नं. :

फोन नं.: ०१०-५४०१४५
धुन्चे
रसुवा, नेपाल

मितिः २०८३/०५/३१ गते

विषयः घर भाडा लिने सम्बन्धि सूचना ।

(प्रथम पटक प्रकाशित सूचना)

यस कार्यालय अन्तर्गत रहेको "हुलाक कार्यालय, उत्तरगया" को कार्यालय संचालनको लागि २ ओटा कोठा भाडामा लिन आवश्यक भएकोले तपसिलमा उल्लेखित शर्त बमोजिम हुनेगरी इच्छुक घरधनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र घरभाडाको रकम सहितको निवेदन यस जिल्ला हुलाक कार्यालय, धुन्चे रसुवामा पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. आवश्यक भएको क्षेत्र :

- उत्तरगया गाउँपालिका वडा नं. ५ भित्र,
- पासाङ ल्यामू राजमार्गको बोगटीटार देखि माझगाउँ क्षेत्र सम्म,
- पासाङ ल्यामू राजमार्ग बाट ५० मि. दायाँ बायाँ,

२. घरको बनावट र प्रकृति :

- आर. सि. सि. ढलान गरेको पक्कि घर हुनुपर्ने,
- कोठा पहिलो वा दोस्रो तल्लामा भएको हुनुपर्ने,
- घरमा कम्तिमा "१०*१०" कोठा हुनुपर्ने,
- घरमा कम्तिमा १ शौचालय भएको हुनुपर्ने,
- कम्तिमा १ वटा चार पांग्रे र २ वटा २ पांग्रे सवारीसाधन पार्किङ्ग गर्न सकिने हुनुपर्नेछ,
- खानेपानी र विजुलीको व्यवस्था भएको हुनुपर्नेछ,

३. घरधनीले पेश गर्नुपर्ने कागजात :

- घरधनीले प्रति कोठाको मूल्य खुलाएको निवेदन,
- घरधनीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- घरधनी लालपुर्जाको प्रतिलिपि,
- तिरो तिरेको रशिद,
- आवश्यक अन्य कागजात ।

४. घरधनीले पेश गरेको घरभाडा कवोल अंकमा नियमानुसार वहाल कर लाग्ने छ र घरभाडा भुक्तानी सोको कर कट्टी हुनेछ । अन्य कुरा घरभाडा सम्झौता बमोजिम हुनेछ ।

(नोटः सम्बन्धित घरधनीले पेश गरेको प्रस्ताव बमोजिम घरभाडा स्वीकृत गर्ने नगर्ने अन्तिम निर्णय कार्यालयमा निहित रहनेछ ।)

०५/३१

मिनराज रिमाल
हुलाक अधिकृत